

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । 100% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क ३०१ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ मंसिर ७ गते शुक्रबार ❑ 22 Nov. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## कोरला नाकाको अध्यागमन कार्यालय उद्घाटन गर्न हतार: कार्यालय संचालन गर्न ढिलाई

**पोखरापत्र संवाददाता**
पोखरा, ६ मंसिर

नेपालका राजनीतिक दलहरु जनताबाट आलोचित हुदै आएको सन्दर्भमा कुनै भौतिक संरचनाको उद्घाटन गरे पनि त्यसबाट आम जनताले सेवा दिने गरी सेवा प्रवाहमा खासै ध्यान नदिदा थप आलोचित हुने गरेका हुन् ।

देशका धेरै ठाँउमा यो घटना देख्न पाइन्छ भने गण्डकी प्रदेशको कोरला नाकाको अध्यागमन कार्यालय उद्घाटनको यतिका दिन बितिसक्दा अझै कार्यालय संचालनमा आउन सकेको छैन् ।

निकै तामझाम र ठुलो खर्चमा भव्य रुपमा नेपाल सरकारका गृहमन्त्री रमेश लेखकले गत कार्तिक १४ गते कोरला नाकाको अध्यागमन कार्यालयको उद्घाटन गरे पनि आजको मितिसम्म उक्त कार्यालयबाट एक जनाले पनि सेवा लिन पाएको छैन् । कार्यालय नै बन्द भए पछि सेवा कसरी लिने जनताले यसमा बढो चिन्तलाको बिषय भएको स्थानियले गुनासो गर्न थालेका छन् ।

गण्डकी प्रदेशको लाइफ लाइनको रुपमा लिइएको उक्त नाकाबाट चाइना जानको लागि अब देखि सहज हुने भन्दै गृहमन्त्री लेखकले पोखराका पत्रकारसंग बताएको तीन साता वितिसक्दासम्म पनि अझै कार्यालय बन्द भएको रहेको छ । तिहार पर्व अघि उद्घाटन गरिएको त्यस लगत्तै छठ पर्व र पछिल्लो दिन देखि चिसो बढेकोले गर्दा हाल तत्काल उक्त कार्यालयमा कर्मचारी व्यबस्थापन गर्न नसकेका कारण कोरला नाकाको अध्यागमन कार्यालय बन्द भएको स्थानियले बताए ।

कोरलामा जाडो ह्वात्तै बढेको, वातानुकुलित संरचना पनि नभएको र हाल त्यहाँ बस्न मिल्ने अबस्था समेत नभएकोले सवारी साधनको समेत जोहो गर्न बाँकी रहेकोले उद्घाटन भएर पनि तत्काल उक्त सेवा संचालन गर्न नसकिएको मुस्ताङका प्रमुख जिल्ला अधिकारी बिष्णु प्रसाद भुषालले बताए । अबको केही दिनमा कर्मचारी व्यवस्थापन गरेर भए पनि उक्त कार्यालय संचालन गर्ने उनले जनाए । कोरला नाकाको अध्यागमन कार्यालय उद्घाटन भए पनि आजको मितिसम्म एक जना पनि सेवा ग्राही नआएको बताउदै प्रजिअ भुषालले सेवाग्राही आएको खण्डमा आफुहरुले त्यसको प्रबन्ध गर्ने योजनामा रहेको उल्लेख गरे । सकभर करारमा भए पनि स्थानिय कर्मचारी व्यबस्थापन गर्ने बिषयमा आफुहरु रहेको प्रजिअ भुषालले जनाए । ८ जनाको दरवन्दी रहे पनि हाल ४ जना कर्मचारी व्यबस्थापन गर्ने बिषयमा आफुहरुले गृहकार्य गरेको उनले जनाए ।

गृहमन्त्री लेखक र गण्डकीका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डे, सुरक्षा अंगका प्रमुख र सरकारी कर्मचारी, पत्रकार सहित हेलिकप्टर चढेर अध्यागमन कार्यालय उद्धाटन गर्न कोरला पुगेका थिए ।

लोमान्थाङ गाउँपालिकामा पर्ने कोरला नाकामा बनाइएको एक तले अध्यागमन कार्यालय र नेचुङमा सशस्त्र प्रहरी बोर्डर आउट पोस्ट (बीओपी) भवनको गृहमन्त्री लेखकले कार्तिक १४ गते उद्धाटन गरेका थिए । कार्यालय उद्धाटन भएसंगै तिहार बिदा भएकाले खटिएका ४ जना कर्मचारी पनि घर गएको तर हालसम्म उनीहरु नफर्किएकोले अध्यागमन कार्यालय बन्द भएको प्रजिअ भुषालले जनाए । अध्यागमन कार्यालयबाट तत्काल भिसा लगाएर आउन तथा जान सकिने गृहमन्त्री लेखकले भनेको थिए । उनले कोरलामा जाडो बढेको र वातानुकुलित संरचना पनि नभएकाले अहिले कार्यालय बन्द गरिएको बताए । चीनलाई पनि त्यही जानकारी गराएको प्रजिअ भुसालले बताए ।

'चीनको चासोमा आफूहरुले कार्यालय बन्द भएको होइन, केही तयारी बाँकी नै छन् । अहिले चिसोले बस्न सक्ने वातानुकुलित संरचना छैन भन्ने जानकारी दिएका छौं,' प्रजिअ भुसालले भने । प्रजिअ भुसालका अनुसार कोरला नाकामा बस्न सक्ने वातावरण र संरचना नभए पनि नेचुङमा रहेको भन्सार र बीओपी भने खुल्ला छन् ।

कोरला नाकामा अस्थायी रुपमा इमिग्रेसन कार्यालय स्थापना गर्न गण्डकी प्रदेश सरकारले ५० लाख बजेट विनियोजन गरी ६ कोठे एसवाई प्यानलको भवन निर्माण गरेको हो । २ वर्षअघि निर्माण सुरु भएको थियो । चिनको सिमानामा भव्य भौतिक संरचना निर्माण भएर अध्यागमन कार्यालय रहेको छ भने नेपालमा सामान्य भवन सहितको कार्यालय रहेको छ ।

## पोखरा सहित देशका ६० स्थानिय तहमा ऊर्जामैत्री भवन निर्माण सुरु

**पोखरापत्र संवाददाता**
पोखरा, ६ मंसिर

पोखरा महानगरपालिका सहित देशका ६० वटा स्थानिय तहमा ऊर्जामैत्री भवन निर्माण गर्न सुरु भएको छ । युरोपियन युनियन अन्तर्गत स्वीच एसिया कार्यक्रमको अनुदानमा बिल्डिङ इनर्जी इफिसियन्सी इन नेपाल (बिन) द्वारा घर तथा भवन निर्माणमा हुने ऊर्जा खपतबारे गरिएको अध्ययन प्रतिवेदनमा ऊर्जामैत्री भवन बनाउन सकिएमा आर्थिक, वातावरणीय र स्वास्थ लाभ लिन सकिने भएसंगै त्यस्ता भवनहरु बनाउन पोखरा सहित ६० पालिकाले सुरु गरेको हो ।

ऊर्जामैत्री भवन बनाउदा सुरुमा ५ प्रतिशत लागत खर्च भए पनि त्यसमा बार्षिक ४० हजार भन्दा बढी उर्जा बचत हुने विन परियोजनाकी सिनियर आर्किटेक दिब्या आचार्यले बताउनुभयो ।

घर तथा भवन निर्माण गर्दा भौगोलिक अवस्थिति, हावापानी, उचाइ र तापक्रम अनुसार डिजाइन गरिनु आवश्यक हुने उहाँले जनाउनु भयो । ऊर्जाको दक्षतापूर्ण प्रयोग बढाउन निर्माण हुने घर तथा भवन डिजाइनमा ध्यान दिनुपर्ने उहाँको भनाई छ ।

यसमा बढ्दो सहरीकरण र बजार मागअनुसार भवनको डिजाइन कसरी गर्नेदेखि स्थानीय जलवायु, बढ्दो ऊर्जा खपत लगायतलाई विषयलाई समेटिएको आर्किटेक आचार्यले जनाउनु भयो ।

परियोजनाले ऊर्जा प्रभावकारी भवन निर्माणलाई प्रोत्साहन गर्न वित्तीय स्रोतमा पहुँच पुर्याउने उद्देश्यले वाणिज्य बैंकहरूसँगको साझेदारीमा वित्तीय साधनको विकास गरी ऊर्जा प्रभावकारी भवन निर्माण क्षेत्र र वाणिज्य बैंकहरूबीच सम्बन्ध स्थापना गरेको छ ।

ऊर्जामैत्री भवन बनाउदा ग्लोवल आईएमई बैंकले ७.९९ प्रतिशतमा कर्जा लगानी गर्ने भएको बैंकका डिपुटि म्यानेजर नारायण पौडेलले बताउनु भयो । हालै पोखरामा उक्त भवनको बारेमा जानकारी गराउने उद्धेश्यले आयोजित छलफल कार्यक्रममा बोल्दै उहाँले उक्त भवन बनाउदा बैंकले ९ वटा क्याटागोरी मध्य कम्तिमा ४ वटा क्याटागोरी पूरा गर्नेकालाई मात्र कर्जा लगानी गर्ने जनाउनु भएको हो । उक्त कर्जा अन्य कर्जाको तुलनामा १ प्रतिशत सहुलियत भएको बैंकले जनाएको छ ।

## अध्यक्ष दाहालद्वारा गणतन्त्रको पक्षमा एक हुन अनुरोध

**पोखरापत्र संवाददाता**
गोरखा, ६ मंसिर



नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले सङ्घीय लोकतान्त्रिक गणतन्त्रसहितका उपलब्धिको रक्षाका लागि गणतन्त्र पक्षधर सबै एक ठाउँमा उभिनुपर्ने धारणा व्यक्त गर्नुभएको छ ।

माओवादी केन्द्र गोरखाले आज जिल्ला पार्टी कार्यालय पाटेचौरमा आयोजना गरेको 'पार्टीका अगुवा नेता तथा कार्यकर्ता प्रशिक्षण कार्यक्रम'मा अध्यक्ष दाहालले जनताको बलिदानीबाट प्राप्त गणतन्त्रको संरक्षण र सम्बर्द्धनमा जुट्न सबैसँग अनुरोध गर्नुभयो । पछिल्लो

बाँकी अन्तिम पृष्ठमा ▶▶

## राष्ट्रपतिद्वारा भारतीय सेनाध्यक्षलाई 'मानार्थ महारथीको दर्ज्यानी चिन्ह' प्रदान

**रासस**
काठमाडौं, ६ मंसिर



राष्ट्रपति रामचन्द्र पौडेलले भारतीय स्थल सेनाध्यक्ष उपेन्द्र द्विवेदीलाई मानार्थ महारथीको दर्ज्यानी चिन्ह तथा खड्ग प्रदान गर्नुभएको छ ।

नेपाली सेनाका परमाधिपति समेत रहनुभएका राष्ट्रपति पौडेलले बिहीबार राष्ट्रपति भवन शीतल निवासमा आयोजित विशेष समारोहबीच उहाँलाई दर्ज्यानी चिन्ह प्रदान गर्नुभएको हो । प्रधान सेनापति अशोकराज सिग्देलको निमन्त्रणामा सेनाध्यक्ष द्विवेदी बुधबार नेपाल आउनुभएको हो ।

सो समारोहमा उपराष्ट्रपति रामसहायप्रसाद यादव, प्रधानमन्त्री केपी शर्मा ओली, रक्षामन्त्री मानवीर राईलगायत विशिष्ट महानुभावको उपस्थिति थियो । नेपाल-भारतबीचको सैनिक सम्बन्धको निरन्तरता स्वरुप सन् १९५० देखि दुवै देशले एक अर्काका प्रधान सेनापतिलाई मानार्थ महारथीको दर्जा प्रदान गर्ने परम्परा रहिआएको छ । यसअघि भारतका तत्कालीन राष्ट्रपति रामनाथ कोविंदले नेपालका तत्कालीन प्रधानसेनापति प्रभुराम शर्मालाई २०७८ कात्तिक २४ गते भारतीय स्थलसेनाको मानार्थ महारथीको दर्ज्यानी चिह्न प्रदान गर्नुभएको थियो ।

तत्कालीन राष्ट्रपति विद्यादेवी भण्डारीले २०७९ भदौ २० गते भारतीय स्थल सेनाध्यक्ष मनोज पाण्डेलाई नेपाली सेनाको मानार्थ महारथी पद प्रदान गर्नुभएको थियो । सन् १९५० मा भारतका सेनाध्यक्ष जनरल केएम परिअप्पालाई पहिलो पटक नेपाली सेनाको मानार्थ महारथी प्रदान गरिएको थियो भने २०२६ सालमा तत्कालीन प्रधानसेनापति सुरेन्द्रबहादुर शाहलाई पनि पहिलो पटक भारतीय सेनाको मानार्थ महारथीबाट सुशोभित गरिएको थियो ।

छिमेकी देशका सेनाबीचको यस्तो सम्मान परम्पराले सम्बन्धलाई सुमधुर तुल्याउन र सौहार्दता कायम राख्न महत्वपूर्ण कडीका रुपमा भूमिका खेल्ने विश्वास गरिएको छ ।

## सुर्खेतबाट पोखरा आएका राउटेहरु रकम संकलन गर्दै

**पोखरापत्र संवाददाता**
पोखरा, ६ मंसिर



सुर्खेतबाट पोखरा आएका राउटेहरु वडा तिहार पर्व मनाउनको लागि रकम संकलन गर्ने अभियानमा जुटेका छन् । यही मंसिर १२ गते सुर्खेतमा आफुहरुको ठुलो पर्व वडा तिहार पर्व धुमधामका साथ मनाइने हुदा उक्त पर्वको लागि पोखरामा आर्थिक संकलन गर्न आएको टोली नेता शेर बहादुर शाहीले बताउनु भयो ।

बुधबार पोखरा आउनु भएको शाही नेतृत्वको ७ सदस्य टोलीलाई पोखरा महानगरपालिका कार्यालय, गण्डकी प्रदेशको आर्थिक मामिला मन्त्रालय, जिल्ला प्रशासन कार्यालय कास्की लगायतका विभिन्न संघ संस्था तथा व्यक्तिहरुले उहाँहरुलाई आर्थिक सहयोग गर्नु भएको छ । पोखरा महानगरपालिकाका उपमेयर मन्जुदेवि गुरुङसंग भेटघाट गर्दै राउटेको टोलीले आफुहरु १० बर्षमा बल्ल सहयोगको लागि आएको भन्दै आर्थिक सहयोग गर्न माग गर्नु भएको थियो । पोखराका मेयर धनराज आचार्य, प्रमुख प्रशासकिय अधिकृत शिवराज चौलागाई समेत नभएको अवस्थामा राउटेहरु आफ्नो कार्यालयमा

बाँकी अन्तिम पृष्ठमा ▶▶


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# पोउवा संघको सामाजिक विकास केन्द्रले मनायो बाल दिवस

पोखरापत्र संवाददाता
पोखरा, ६ मंसिर

पोखरा उद्योग वाणिज्य संघअन्तर्गतको सामाजिक विकास केन्द्रले अन्तर्राष्ट्रिय बाल दिवसको उपलक्ष्यमा बिहीबार आयोजना गरेको हाजिरीजवाफ प्रतियोगितामा नवप्रभात माध्यमिक विद्यालय पहिलो भएको छ।

प्रतियोगितामा धर्मस्थली आधारभूत विद्यालयका विद्यार्थीहरु दोस्रो हुँदा नयाँबस्ती सिकाइ केन्द्रले तेस्रो र प्रगतिटोल सिकाइ केन्द्रले सान्त्वना स्थान प्राप्त गरे।

पोखरा उद्योग वाणिज्य संघअन्तर्गतको सामाजिक विकास केन्द्रले विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ/संस्थाको सहयोगमा श्रमिक तथा न्यूनआय भएका परिवारका बालबालिका एवं श्रममा रहेका बालबालिकाको हितमा विभिन्न कार्यक्रम गर्दै



आइरहेको छ। केन्द्रले पोखराका विभिन्न क्षेत्रमा बालबालिकाको लागि सिकाइ केन्द्रहरुमार्फत् शिक्षासमेत प्रदान गर्दै आइरहेको छ। प्रतियोगितामा सामाजिक विकास केन्द्रद्वारा संचालित राम आधारभूत विद्यालय, विन्ध्यबासिनी मावि, शान्तिवन सिकाइ केन्द्र,गोस्ते सिकाइ केन्द्र,रामघाट सिकाइ केन्द्र,नवप्रभात माविको कक्षा ६,७ र ८ मा पढ्ने ३६ जना विद्यार्थीहरु सामेल थिए। 'हरेक बालबालिकाको लागिष हरेक अधिकार' भन्ने नारासहितको यो वर्षको बाल दिवसको अवसरमा आयोजित कार्यक्रमको प्रमुख अतिथि किडासाका प्रमुख कार्यकारी अधिकृत जेनिस मिलर रहेकी थिइन्। किडासा बालबालिकाको हितमा काम गर्ने अन्तर्राष्ट्रिय संस्था हो।

प्रमुख अतिथि मिलरले बालबालिकाहरुको लागि विजेता बन्नुभन्दा पनि सिकाइ महत्वपूर्ण विषय भएको बताइन्। पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष गोकर्ण कार्कीले बालबालिकालाई पढ्ने र सिक्ने अवसर प्रदान गर्नु नै महत्वपूर्ण भएको बताउँदै सामाजिक विकास केन्द्रमार्फत् त्यही अवसर प्रदान गरिएको बताए।

सामाजिक विकास केन्द्रका अध्यक्ष तथा पोखरा उद्योग वाणिज्य संघका पूर्वअध्यक्ष राजेन्द्रकुमार लालचनले विपन्नताका कारण बालबालिकाको अधिकार हनन नहोस् भन्नका लागि सिंगो समाज नै जागरुक बन्नुपर्ने बताए। सबैको हातेमालोबाट मात्र बालश्रम न्यूनीकरण र सबै बालबालिकाको अधिकार रक्षा हुने उनको धारणा थियो।

सामाजिक विकास केन्द्रका सुपरभाइजर सफल बरालका अनुसार केन्द्रले निकृष्ट श्रममा रहेका बालबालिकालाई बाहिर निकाल्ने र उनीहरुको अधिकार रक्षाका लागि विविध कार्यक्रम संचालन गर्दै आइरहेको छ।

# सामाजिक सुरक्षा र जीविकोपार्जनको अभ्यास तथा प्रभाव विषयक कार्यशाला

पोखरापत्र संवाददाता
पोखरा, ६ मंसिर

शान्तिका लागि साझा अभियान (कोक्याप), गण्डकी प्रदेशको आयोजनामा पोखरा महानगरपालिका वडा नं २८ मा आज सामाजिक सुरक्षा जीविकोपार्जन कार्यक्रमको अभ्यास तथा प्रभाव विषयक एक दिवशीय कार्यशाला सम्पन्न भएको छ।

वडा नं २८ लाई लक्षित गरी कोक्यापले सामाजिक सुरक्षा र जीविकोपार्जन कार्यक्रम सञ्चालन गर्न लागेको सो कार्यक्रमका फोकल पर्सन सुशिला नेपालीले जानकारी दिनुभयो। कार्यक्रमको प्रभावकारिता अभिबृद्धि गर्ने लक्ष्यका साथ यस किसिमको कार्यशाला आयोजना गरिएको उहाँले बताउनुभयो।

कार्यक्रमका प्रमुख अतिथि एवम् पोखरा महानगरपालिका कृषि महाशाखा प्रमुख मनोहर कडरियाले पोखरा महानगरपालिका वडा नं २८ कृषि, पर्यटन लगायतका क्षेत्रमा





धैरै सम्भावना बोकेको बताउँदै यहाँको सम्भावनालाई उजागर गर्ने किसिमका कार्यक्रममा जोड दिनुपर्ने बताउनुभयो। प्राकृतिक स्रोतको दीगो प्रयोग, बन र जमिनको प्रवर्द्धनका साथै बजार पहुँचमा सुधार गर्नुपर्नेमा जोड दिदै उहाँले पर्यटन र स्थानीय संस्कृतिको प्रवर्द्धन गर्नु जरुरी भएको धारणा राख्नुभयो। पर्यटकीय रुपमा यहाँका ठूलाकोट, वलीडाँडा, चुत्राको डाँडा, चिन्तेको डाँडा हुँदै रोयल ट्रेकलाई प्रवर्द्धन गर्दै यिनीहरूको पर्यटकीय उपयोग गरी स्थानीयको आयआर्जन बढाउन सकिने उहाँको भनाइ छ। पोखरा २८ मा कृषिका सम्भावना बारे उहाँले प्रकाश पार्नुभएको थियो।

पोखरा महानगरपालिका वडा नं २८ का वडा अध्यक्ष श्रीकृष्ण लामछानेले वडा भित्रका हरेक सम्भावनालाई उजागर गर्ने गरी लागिएको बताउनुभयो। पछिल्ला समयमा कृषि पर्यटनका क्षेत्रमा महत्वपूर्ण उपलब्धि हासिल हुँदै आएको चर्चा गर्दै उहाँले स्थानीय जागरुकता अभिबृद्धिका लागि यस किसिमका कार्यक्रम महत्वपूर्ण बन्ने बताउनुभयो। कृषि उत्पादनको बजारीकरणका माध्यमबाट स्थानीयको स्वरोजगार अभिबृद्धि गर्दै आय आर्जनमा टेवा पुर्‍याउने लक्ष्य राखिएको उहाँले बताउनुभयो।

## अध्यक्ष ...

समय गणतन्त्रलाई कमजोर पार्ने षड्यन्त्र भइरहेकाले त्यसतर्फ सचेत रहन समग्र पार्टी पङ्तिको ध्यानाकर्षण गर्दै उहाँले भन्नुभयो, "सङ्घीय लोकतान्त्रिक गणतन्त्र, समानुपातिक प्रतिनिधित्वसहितको समावेशी शासन व्यवस्थालाई कमजोर पार्ने/उल्ट्याउने कोशिस भइरहेको छ, त्यसतर्फ सचेत र सजग हुन सबैसँग अनुरोध गर्दछु।"

पहिलो संविधानसभाको निर्वाचनमार्फत जनताले दिएको विश्वास र भरोसाको रक्षा गर्न माओवादीले नसकेको स्वीकार गर्दै अध्यक्ष दाहालले राजनीतिक इतिहासको सुक्ष्म ढङगबाट समीक्षा गरी आमजनताको विश्वास जित्नेगरी काम गर्न पार्टी पङ्तिको ध्यानाकर्षण गर्नुभयो। सरकारबाट बाहिरिएपछि माओवादीको पक्षमा जनलहर देखिएको उल्लेख गर्दै उहाँले मुलुकका सम्पूर्ण शोषित पीडित वर्ग समुदायसहित माओवादी विचारमा विश्वास गर्ने सबैलाई एकताबद्ध गरी पार्टीलाई २०६४ सालकै अवस्थामा पुर्‍याउने अठोटका साथ अघि बढेको पार्टी नेतृत्वलाई सफल बनाउन सबै नेता तथा कार्यकर्ता अझ सक्रिय हुनुपर्ने समय आएको बताउनुभयो।

## सुर्खेतबाट ...

आएकोले आफुहरुले २१ हजार मात्र सहयोग गरिएको उपमेयर गुरुङले बताउनु भयो। उहाँले राउटेहरुलाई आफ्नो स्वास्थ्यको राम्रो ख्याल गर्न आग्रह गर्दै वडा तिहारको अग्रिम शुभकामना समेत दिनु भएको थियो।

त्यसै गरी राउटेहरुलाई पोखरा महानगरपालिका १७ का वडा अध्यक्ष राधिका कुमारी शाहीले १ हजार, कानून महाशाखा प्रमुख नारायण शर्माले १ हजार ६ सय व्यक्तिगत रुपमा सहयोग गर्नु भएको थियो। त्यसै गरी जिल्ला प्रशासन कार्यालय कास्कीले उहाँहरुलाई सुर्खेत फर्किदा बसको ब्यबस्था गर्न समन्वय गरेको छ भने प्रमुख जिल्ला अधिकारी भरतमणि पाण्डेले उहाँहरुलाई खाजा खर्च व्यक्तिगत रुपमा सहयोग गर्नु भयो। आर्थिक मामिला मन्त्रालयबाट भने १५ हजार सहयोग प्राप्त गरेको राउटे शेर बहादुर साहीले बताउनुभयो। पोखरा महानगरपालिका वडा नम्बर ८ ले उहाँहरुलाई बुधबार आवासिय सहितको सुविधा दिएर व्यबस्थापन गरेको वडा अध्यक्ष रुद्रनाथ बरालले बताउनु भयो। पोखराको नागढुंगाबाट उहाँहरुलाई बुधबार राति करिब ८:३० बजे वोलायर होटलमा व्यबस्थापन गरिएको अध्यक्ष बरालले जनाउनु भयो। बिहानको खाना खाएर उहाँहरुको टोली रकम संकलन अभियानमा लागेको हो।

# जनप्रतिनिधि जिम्मेवार बन्नुपर्छ: अध्यक्ष दाहाल

पोखरापत्र संवाददाता
दमौली, ६ मंसिर

नेकपा (माओवादी) केन्द्रका अध्यक्ष एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल (प्रचण्ड)ले जनप्रतिनिधिहरु जनताको काममा दिनरात खट्नुपर्ने बताउनुभएको छ। तनहुँको आँबुखैरेनी गाउँपालिकाको कार्यालयमा आज जनप्रतिनिधिसँगको भेटघाट एवं स्वागत कार्यक्रममा दाहालले जनताको सेवाका लागि जनप्रतिनिधिले दिनरात नभनी काम गर्नुपर्ने बताउनुभयो।

दाहालले भन्नुभयो, "जनतालाई कसरी सेवा दिन सकिन्छ भन्नेतर्फ जनप्रतिनिधि जिम्मेवार बन्नुपर्छ। जनमुखी कामका लागि योजना बनाएर अगाडि बढ्नुपर्छ।" आँबुखैरेनी गाउँपालिकाले गरेका कामकारबाहीबारे आफू जानकार रहेको भन्दै दाहालले आँबुखैरेनी गाउँपालिकाको सिको अन्य पालिकाले गर्नुपर्नेमा जोड दिनुभयो। दाहालले भन्नुभयो, "आँबुखैरेनीमा शुक्र चुमानले गरेजस्तै काम अन्य पालिकाले गर्नुपर्छ भनेर मैले भन्दै आएको छु। उहाँको कामबाट प्रभावित छु।" उहाँले आँबुखैरेनी अस्पतालमा आवश्यक उपकरणको व्यवस्थापनका लागि पहल गर्ने बताउनुभयो। आफू प्रधानमन्त्री हुँदा उक्त अस्पतालको उद्घाटन भएको र केही प्रक्रियाका कारण उपकरणमा ढिलाइ भएको भन्दै उहाँले भन्नुभयो, "प्रक्रिया मिलाएर छिटो उपकरण व्यवस्थापन गर्नेतर्फ मेरो ध्यान जानेछ।"

# माछापुच्छ्रे गाउँपालिका स्तरीय छैठौं राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सुरु

पोखरापत्र संवाददाता
पोखरा, ६ मंसिर

कास्कीको माछापुच्छ्रे गाउँपालिकाले छैठौं राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताको उद्धाटन कार्यक्रम विहिबार देखि सुरु गरेको छ। स्वास्थ्यका लागि खेलकुद, राष्ट्रका लागि खेलकुद भन्ने मुल नाराका साथ माछापुच्छ्रे गाउँपालिकाको आयोजनमा भएको प्रतियोगिताको,उद्धाटन गर्दै गण्डकी प्रदेश सभा सदस्य माननिय श्री गणेशा गुरुङले मानिस खेलका माध्यमबाट स्वास्थ्थ,सुखी र समृद्ध बन्न सक्ने, खेलले बालबालिकाको शारिरिक तथा बौद्धिक विकासमा महत्वपूर्ण भुमिका रहने साथै खेलको माध्यमबाट व्यक्ति, समाज र राष्ट्रलाई चिनाउन सकिने हुदा खेलकुलाई हरेक क्षेत्रले प्राथामिकतामा राख्नु पर्ने लगाएता धारण व्यक्त गर्नुभयो। गाउँपालिका उपाध्यक्ष सीता अधिकारीले खेलक्षेत्रमा गुणात्मक प्रगति गर्नको लागि गाउँपालिकाले आगामि दिनमा अझै रचनात्मक कार्यक्रमलाई अगाडी बढाउने विश्वस ब्यक्त गर्नूभयो। गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत गोपिकृष्ण अर्यालले गत वर्ष जसरी यस वर्ष संघीय सरकार बाट सहयोग नरहेता पनि खेलकुदलाई प्राथामिकतामा राखेर पालिकाको आर्थिक लगानिमा यस खेललाई



निरन्तरता दिएको बताउनु भयो। प्रतियोगितामा सहभागि विद्यालय साथै विधार्थीहरुलाई सहभागिताका लागि धन्यबाद समेत ब्यक्त गर्नभयो। वडा न.२ का अध्यक्ष एवं प्रवक्ता गणेश आर्चायले राष्टिय नेतृत्वमा रहेका नेताहरुको विभिन्न भ्रष्टचारका समाचारहरु आउदा यस्ता खेलकुदका माध्यम साथै अन्य क्षेत्रमा भविष्य खेजिरहेका यूवाहरुमा निरशा छाएको बताउनु भयो। कार्यक्रममा शुभकामना दिदै वडा न.९ का अध्यक्ष एवं सामाजिक विकास समिति संयोजक हरि ब. क्षेत्रिले खेलमा हारजित त भै हाल्छ तर खेल मर्यादित, अनुशासित र लगनशिल भएर खेल्न खेलाडीहरु आग्रह गर्नभयो। आइतवार भएको खेलमा मार्च पास तर्फ प्रथम सागर मेमोरियल बोडिङ स्कुल, द्धितिय शुक्लागण्डकी मा.वि, तृतिय सारदा मा.वि भएको छ। पुरुष १५०० मि. दौडमा प्रथम माछापुच्छे मा.विका अनुप नेपाली ,द्धितिय निश्पक्ष मा.विका नविन वि.क , तृतिय उदय मा.विका कुशल नेपाली भए। महिला १५०० दौडमा प्रथम बराह मा.वि कि पुर्णिमा नेपाली, द्धितिय उदय मा.वि कि सरस्वती भण्डारी , तृतिय महेन्द्र मा.वि कि सम्झना अधिकारी रहेका छन्। पुरुष ४०० मि. दौडमा प्रथम शुक्लागण्डकी मा.विका पृतम परियार , द्धितिय बराह मा.विका रोहित परियार, तृतिय महेन्द्र मा.विका अरुण परियार भए। महिला ४०० मि. दौड तर्फ प्रथम पृथ्वीनारायण मा.वि की विनिता वि.क, द्धितिय बराह मा.वि की विपना अधिकारी र तृतिय शुक्लागण्डकी मा.वि की दिपिशा पोखरेल हात पारिन।

पुरुष १०० मि. दौडमा ज्ञानज्योति बोर्डिङ स्कुलका एलन शाही प्रथम, पृथ्वीनारायण मा.विका आविष्कार वि.क द्धितिय र शुक्लागण्डकी मा.विका अद्धितिय भारति तृतिय भएका छन्। महिला १०० दौड तर्फ सागर मोमोरियल बोर्डिङ स्कुल की सन्ध्या लम्साल प्रथम, शुक्लागण्डकी मा.वि की प्रतिज्ञा पोखरेल द्धितिय र निश्पक्ष मा.वि काी एलिना लामिछाने तृतिय भएकी हुन। लगंजम्प महिला तर्फ महेन्द्र मा.वि की कुशुम नेपाली प्रथम ,शुक्लागण्डकी मा.वि की प्रतिक्षा पोखेल द्धितिय र निश्पक्ष मा.वि की एलिना लामिछाने तृतिय भईन। नृत्य तर्फ प्रथम सागर मेमोरियल बोडिङ स्कुल, द्धितिय उदय मा.वि र तृतिय बराह मा.वि रहेको छ।

गाउँपालिका उपाध्यक्ष सीता अधिकारीको अध्यक्षतामा भएको कार्यक्रमको स्वागत वडा न.९का अध्यक्ष एवं सामाजिक विकास समिति संयोजक हरि ब. क्षेत्रिले र संचालन शिक्षा यूवा तथा खेलकुद शाखा प्रमुख सम्झना पोखेले गर्नभयो। मंसिर ६ गते देखि ८ गते सम्म लाहाचोक महेन्द्र मा.विको खेल मैदान मा सञ्चालन हुने रनिङ शिल्ड प्रगियोगितामा पालिका भित्रका १२ वटा माध्यमिक विद्यालयहरुको सहभागिता रहेको छ।


## दाईजो प्रथा निरुत्साहित गरौं

◆चल, अचल सम्पत्ति, दाईजोको रुपमा माग गर्नुहुदैन,
◆लेनदेनको शर्त राखी विवाह गर्नु/गराउनु हुदैन,
◆विवाह गरी सकेपछि चल, अचल सम्पत्ति वा दाईजो माग गर्नु हुदैन,
◆दाईजो नदिएको कारण यातना दिने वा अमानवीय वा अपमानजन्य व्यबहार गर्नु हुदैन,

यस्ता कार्य कानूनबमोजिम दण्डनीय छन्। यस्तो गरेको पाइएमा स्थानीय प्रशासनमा खबर गरौं।

विवाह जस्तो पवित्र बन्धनलाई लेनदेनको विषय नबनाऔं।


नेपाल सरकार
विज्ञापन बोर्ड

## कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाट्टुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

गरिबी अपराधको जन्मदाता हो। - मार्कस औरीलिअस्

## सम्पादकीय

# सामाजिक संजालको दुरुपयोग

सूचना र प्रविधि क्षेत्रमा भएको विकासबाट सबैले लाभ लिन सकेका छन।सूचना प्रविधिको विस्तारले विश्वलाई भूमण्डलीकृत बनाएको छ। संसारको कुनै ठाउँमा भएको विकास र प्रगति सबैले देख्न पाउने भएका छन। डिजिटल युगको सबैभन्दा सरल र सहज माध्यम सामाजिक सञ्जाल बहुआयामिक लाभका माध्यम बनेका छन् । आफूले चाहेकालाई सञ्चार सम्पर्क गर्न सामाजिक सञ्जालले अपूर्व अवसर दिएको छ। परम्परागत संचारका माध्यमलाई विस्थापित गराउने अवस्थामा सामाजिक संजाल भएको छ । सामाजिक सञ्जाल शिक्षा र जानकारी विस्तारमा उपयोग भइरहेको छ। सूचना, मनोरञ्जन, ताजा जानकारी आदानप्रदान मात्र होइन सिप प्रवर्धन, व्यापारिक लाभ आदिका निम्ति सामाजिक सञ्जाल उपयोगी छ। यसबाट धेरैले बौद्धिक तथा प्राज्ञिक लाभसमेत लिएका छन्।

मानव सभ्यताको विकासक्रममा सामाजिक सञ्जाल अनेक तवरले उपयोगी हुँदाहुँदै पनि दुरुपयोगसमेत व्यापक हुन थालेको छ । सामाजिक संजालको दुरुपयोग गरेर आपराधिक समूह, चाँडो फाइदा खोज्ने र राजनीतिक महत्त्वाकांक्षा भएकाले फाइदा लिएका छन् । संजालबाट भ्रम फैलाउने, अपराध बढाउने, ठगी गर्नेदेखि अरूको मानमर्दन गर्नेलगायतका सञ्जाल दुरुपयोगका समाचार प्रकाशित छन।सामाजिक संजाल दुरुपयोगका अनेक दुष्कार्यले सबैतिर हैरानी बढाएको छ । नेपालमा समेत यस्ता दुष्कार्यले ठाउँ पाउनु गम्भीर चुनौतीको विषय बनेको छ। नेपालमा सामाजिक सञ्जालको प्रयोग गरेर आफ्नो निहित स्वार्थ गर्ने प्रवृत्तिले सास्ती बढाएको छ। राज्यसंयन्त्र तथा आमनागरिकले अनेक खालका हैरानी बेहोर्नु परेको छ। व्यक्तिको नागरिक अधिकार र स्वतन्त्रता हरण गर्ने प्रयास गरिएको छ। मानप्रतिष्ठामा आघात पार्ने काम सहन गर्न सक्नेभन्दा उच्च हुँदै गएको छ । लोकतान्त्रिक शासनपद्धतिको खुला र उदार प्रावधानको दुरुपयोग गर्दै अपराध प्रवृत्ति बढाउन खोजिएका अनेक घटना सामुन्ने आइरहेका छन् । यस्ता घटनामा राज्यका सरोकारवाला निकाय गम्भीर भएर निरूपणतर्फ लाग्न जरुरी छ।

सामाजिक सञ्जाल दुरुपयोग गरी अपराध गरेको नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी) ले गरेको छ। विद्युतीय अपराध नियन्त्रण ऐन अन्तर्गतको कसुरमा अनुसन्धान सुरु भएको छ। सामाजिक सञ्जालमार्फत शङ्कास्पद भिडियो सार्वजनिक भएका छन । विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ को दफा ४७ अनुसार अनुसन्धान गर्ने प्रहरीको भनाइ छ । ऐनको प्रावधानमा भनिएको छ, 'कम्प्युटर, इन्टरनेटलगायतका विद्युतीय सञ्चार माध्यममा प्रचलित कानुनले प्रकाशन तथा प्रदर्शन गर्न नहुने भनी रोक लगाएका सामग्री वा सार्वजनिक नैतिकता, शिष्टाचारविरुद्धका सामग्री वा कसैप्रति घृणा वा द्वेष फैलाउने वा विभिन्न जातजाति र सम्प्रदायबिचको सुमधुर सम्बन्धलाई जिस्क्याउने, हैरानी गर्ने, अपमान गर्ने वा यस्तै अन्य कुनै किसिमको अमर्यादित कार्य गर्ने वा गर्न लगाउने व्यक्तिलाई एक लाख रुपियाँसम्म जरिबाना वा पाँच वर्षसम्म कैद वा दुवै सजाय हुने छ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : सहयोग मिल्नेछ | तुला | : ब्यापारमा लाभ |
| वृष | : अप्रत्यसित लाभ | वृश्चिक | : शत्रुको भय |
| मिथुन | : सत्कार मिल्नेछ | धनु | : झमेला बड्ने |
| कर्कट | : आर्थिक समस्या | मकर | : कार्यमा सफलता |
| सिंह | : शारीरिक झमेला | कुम्भ | : शुभ यात्रा |
| कन्या | : मानसिक तनाब | मीन | : स्वास्थ्यमा सुधार |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# म्याद नाघेका सामान गाउँका पसलमा

**पोखरापत्र संवाददाता**
म्याग्दी, ६ मंसिर

विभिन्न कम्पनीका डिलर (अधिकृत बिक्रेता)ले म्याद नाघेका सामान बिकाउन ग्रामीण क्षेत्रमा पठाउने गरेका पाइएको छ । अन्नपूर्ण गाउँपालिकाको ग्रामीण क्षेत्रमा पर्ने वडा नं ७ हिस्तान र वडा नं ८ राम्चेका पसलको अनुगमन गर्ने क्रममा म्याद सकिएका र सकिन लागेका सामग्री पाइएको हो।

गाउँपालिकाका अध्यक्ष भारतकुमार पुनको नेतृत्वमा जिल्ला प्रशासन कार्यालयका प्रतिनिधिसहितको टोलीले सोमबार र मङ्गलबार दुई वडाका ३६ वटा पसलको अनुगमन गरेको थियो। अनुगमनका क्रममा रु ५१ हजार नौ सय ४० मूल्य बराबरका म्याद नाघेका सामान जफत र नष्ट गरिएको अध्यक्ष पुनले जानकारी दिनुभयो । "अनुगमनका क्रममा डिलरहरूले म्याद सकिने समय भएका सामान गाउँमा सस्तोमा पठाउने गरेको पाएका छौँ", अध्यक्ष पुनले भन्नुभयो, "एक दिनअघि बिल काटेर गाउँमा पठाएको सामान पनि भेटियो । म्याद सकिन १५-२० दिनअघि बजारमा नबिकेका सामान गाउँमा पठाउने गरेको समस्या पाइयो ।" खाने तेल, कुरकुरे, कोक, फेन्टा, स्प्राइट, जुस, वियर, चिउरा, मिठाइलगायत बालबालिकाले र भोजभतेरमा बढी प्रयोग हुने सामग्रीको म्याद नाघेको पाइएको उहाँले जानकारी दिनुभयो।

व्यापारीलाई म्याद हेरेर मात्र सामान खरिद र बिक्री गर्न आग्रह गर्दै सामान पठाउने अधिकृत बिक्रेतालाई पनि उद्योग वाणिज्य सङ्घमार्फत सचेत बनाउने अध्यक्ष पुनले बताउनुभयो । अन्नपूर्ण गाउँपालिकाले गत वर्षदेखि ग्रामीणक्षेत्रको बजार अनुगमनलाई निरन्तरता दिँदै आएको छ । अनुगमनका क्रममा दर्ता नभएका पसललाई दर्ता प्रक्रियामा आउन, समयमा नवीकरण गर्न र सरसफाइमा ध्यान दिन सुझाव दिइएको टोलीको भनाइ छ । उक्त टोलीमा अध्यक्ष पुनसहित प्रशासकीय अधिकृत भगवती खड्का कटुवाल, जिल्ला प्रशासन कार्यालयका नायब सुब्बा लीलाबहादुर चोखाल, वडाका जनप्रतिनिधि र कृषि शाखाका प्राविधिक सम्झना क्षेत्रीलगायत सहभागी हुनुहुन्थ्यो।

# पोखरेबगर-चित्रे सडक मर्मत नहुँदा पर्यटकलाई सास्ती

**पोखरापत्र संवाददाता**
म्याग्दी, ६ मंसिर

चार महिनाअघि अवरुद्ध भएको म्याग्दीको अन्नपूर्ण गाउँपालिका-६ मा रहेको प्रमुख पर्यटकीय स्थल घोडेपानी जोड्ने पोखरेबगर-चित्रे सडक अझै सञ्चालन भएको छैन्।

अन्नपूर्ण गाउँपालिकाको केन्द्र पोखरेबगरदेखि घार-खिवाङ-शिख-चित्रे सडक अन्तर्गत अन्नपूर्ण-५ घोप्टेखर्कमा गत असारमा पहिराले भत्काएको सडक मर्मत नहुँदा स्थानीयबासी र पर्यटकलाई समस्या भएको छ।

स्थानीयबासीले पहिरोले साघुरिएको सडकको डिलतर्फ काठ राखेर जिपमात्र छिर्ने बनाएका छन्। काठको फल्याक र थाम भाचिएर दुर्घटना हुने उच्च जोखिम छ । सडक अवरुद्ध हुँदा घुम्न आउने पर्यटक र स्थानीयबासीलाई आवत जावतका साथै होटल ब्यवसायीहरुलाई दैनिक उपभोग्य सामग्री ढुवानी गर्न समस्या भएको घोडेपानी टोल सुधार समितिका उपाध्यक्ष जुली ठकुरी पुनले बताउनुभयो।

घोप्टेखर्कमा करिब १० मिटर सडकको डिलतर्फको भाग भत्किएपछि मोटरसाइकल बाहेक जिप, बस, ट्रक, ट्र्याक्टर वारपार गर्न सकेका छैनन् । पोखरेबगर-चित्रे-घोडेपानी सडक अन्तर्गत लुलीया र हल्लेखर्कको घुम्तिमा सडक भासिएपछि बस र ट्रक सञ्चालन हुन सकेको छैन्।

वार्षिक ३० हजार जनाको अनुपातमा विदेशी पर्यटकले भ्रमण गर्ने घोडेपानीमा सो भन्दा बढी आन्तरिक पर्यटक आउँछन्। सडकको समस्याका कारण सवारी साधन मार्फत यसपालीको सरदयाममा घोडेपानीमा अपेक्षाकृत संख्यामा आन्तरिक पर्यटक भित्रन नसकेका घोडेपानी होटल ब्यवस्थापन उपसमितिका अध्यक्ष मिना पुनले बताउनुभयो।

पहाडको टाकुरामा अवस्थित घोडेपानी र नजिकैको पुनहिल सुर्योदय, हिमशृङ्खला, पहाडी भूगोल, गुराँसे जंगल, वन्यजन्तु, पंक्षी, मगर संस्कृति लगायत आकर्षण रहेको छ । १८ किलोमिटर पाँच सय ४० मिटर दुरीको पोखरेबगर-चित्रे सडक मार्ग खुलेको १५ वर्षपछि गत बर्ष स्थानीय पूर्वाधार विकास कार्यालय कास्की मार्फत करिब रु. ३० करोडको लागतमा ग्राभेल, ढलान र कालोपत्र गरिएको थियो।

अन्नपूर्ण गाउँपालिका-६ का वडा अध्यक्ष रामबहादुर खड्काले पहिरोले क्षति पुऱ्याएको सडक मर्मतका लागि आयोजना कार्यालयले बेवास्ता गरेपछि गाउँपालिकालेनै मर्मत गर्न लागेको बताउनुभयो।


## कम्पनीको नाम परिवर्तन भएको जानकारी

**दोस्रो पटक प्रकाशित मितिः २०८१/०८/०७ गते**

**यस कम्पनीको मिति २०८०/११/२५ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिन साविकको कम्पनी कार्की कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. (प्रा.लि.नं. ३०२२८०) को नाममा रहेको सम्पूर्ण चल अचल सम्पति तथा तिर्नु व्यहोर्नु पर्ने कर दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्नु गरि श्री कम्पनीको रजिष्ट्रारको कार्यलयको मिति २०८०/१२/०६ गतेको निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरि रावा हलेसी कन्स्ट्रक्सन प्रा.लि. कायम गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।**


# 'पर्यटन र कृषि प्रदेश सरकारको प्राथमिकतामा'

**पोखरापत्र संवाददाता**
गोरखा, ६ मंसिर

ग ण्ड की प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले पर्यटन र कृषिलाई प्रदेश सरकारले प्राथमिकतामा राखेको बताउनुभएको छ।

नेपाल होटल व्यवसायी सङ्घ गोरखाको आयोजनामा गोरखा सदरमुकाममा 'ऐतिहासिक पर्यटन व्यवसायी भेला २०८१' को उद्घाटन गर्दै मुख्यमन्त्री पाण्डेले समग्र गण्डकी प्रदेशको समृद्धिको आधार पर्यटन क्षेत्र र कृषि क्षेत्र नै भएकाले यसलाई प्राथमिकतामा राखेर काम गरिरहेको बताउनुभयो । कृषि र पर्यटनको क्षेत्रलाई लगानी गरेर मात्र गाउँमै रोजगारीको अवस्था सिर्जना गर्न सकिने उहाँको भनाइ थियो।

गाउँमा रोजगारीको अवसर पाए ग्रामिण क्षेत्रबाट हुने बसाइसराइको अवस्थालाई पनि रोक्न सकिने मुख्यमन्त्री पाण्डेले बताउनुभयो । "ग्रामिण क्षेत्रबाट शहर बसाइ सर्ने, विदेश जाने अवस्था भयावह बन्दै गएको छ", उहाँले भन्नुभयो, "प्रदेश सरकारले कृषिलाई व्यावसायीक बनाउन उत्पादनमा अनुदान कार्यक्रमलाई प्राथमिकतामा राखेको छ ।" गण्डकी प्रदेश भित्रका पर्यटकीय क्षेत्रको प्रचारप्रसारका लागि योजना बनाएर प्रदेश सरकारले काम गरिरहेको मुख्यमन्त्री पाण्डेले बताउनुभयो । "यसमा नीजि क्षेत्रको पनि ठूलो भूमिका र महत्व हुन्छ," उहाँले भन्नुभयो।

# लेकबाट बेँसी झर्न थाले भेडाका बथान

**पोखरापत्र संवाददाता**
लमजुङ, ६ मंसिर

चरनका लागि लेक तथा हिमाली भेग पुगेका भेडाका बथान लेकबाट बेँसी झर्न थालेका छन्।

चिसो मौसम सुरु भएसँगै चरनमा समस्या आउन थालेपछि जिल्लाका घुम्ति गोठका गोठालाले आ-आफ्ना भेडाका बथान यतिबेला बेँसी झार्न थालेका छन्।

भेटेरेनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र लमजुङका निमित्त कार्यालय प्रमुख डा सुनिल न्यौपानेका अनुसार जिल्लामा साना ठूला गरेर तीन सयभन्दा बढी घुम्ती भेडीगोठ रहेका छन् । ती सबै लेकबाट बेँसी झर्न थालेका छन् । सिउरुङ, घलेगाउँ, भुजुङ, पसगाउँ, सिङ्दी, घनपोखरा, इलमपोखरी, दूधपोखरी, पाचोक, बन्सार, फलेनी, ढोडेनी, ताघ्रिङ, भुलभुलेलगायतका ग्रामीण क्षेत्रमा भेडीगोठ रहेका छन् । गर्मीयाममा भेडाबाख्रा लेकतर्फ लैजाने गरेकामा चिसो मौसम सुरु भएसँगै बेँसीतर्फ पुनःफर्किएका भेडीगोठाला कमल अधिकारीले बताउनुभयो । उहाँले भन्नुभयो, "गर्मीयाममा ६ महिना लेक र चिसोयामको छ महिना बेँसीमा भेडीगोठ राख्ने गर्दछौँ । बेँसीमा झारिएका भेडाबाख्राका बथानको मल यहाँका खेतबारीमा प्रयोग हुने गरेको छ।" क्व्होलासोथार गाउँपालिका-३ घलेगाउँका दिर्घराज घलेले गाउँका दुई वडाका भेडीगोठ रहेका र चिसो हुन थालेसँगै लेकबाट घलेगाउँतर्फ ल्याउन लागेको बताउनुभयो । त्यस्तै कास्कीको सिमाना डाँडा तिङ्जेमा रहेको पसगाउँको भेडीगोठ यतिबेला क्युबे-ल्हेदे हुँदै गाउँतर्फ फर्किन थालेको स्थानीयको भनाइ छ । जिल्लाको उत्तरी ताघ्रिङ्का भेडीगोठ यसअघि थुर्जुलेक पुगेकामा अहिले ठूलागी आइपुगेको र केही हप्तापछि गाउँमै ल्याइने छ । विशेष गरी गुरुङ समुदायको पुर्खौली चलन तथा पेसाको रुपमा भेडिगोठलाई लिइन्छ । लमजुङका भेडीगोठ लमजुङ, मनाङ र कास्कीको सिमाना दूध पोखरीनजिकै थुर्जु तथा लमजुङ हिमालको काखलगायतका ठाउँसम्म लैजाने गरिन्छ । पसगाउँको भेडीगोठ लमजुङ र कास्कीको सिमाना डाँडा तिङ्जेमा पुग्ने गर्दछ। उत्तरी लमजुङको ताघ्रिङका बासिन्दाको भेडीगोठ लके थुर्जु पुग्ने गरेको छ।

बेँसीमा रहेको बेलामा भेडीगोठबाट निस्किएको मल खेतबारीमा प्रयोग गर्ने गरिन्छ भने, भेडाको ऊन निकालेर राडीपाखी, बख्खुलगायत सामग्री बनाउन प्रयोग हुने गर्छ । जिल्लाभर २३ हजार भेडाबाख्रा रहेको तथ्याङ्क छ। वार्षिक १० हजार किलो ऊन उत्पादन हुने गरेको छ । ऊनको प्रतिकिलो रु तीन सयमा बिक्री हुने गरेको छ।

# तोरीपानीमा सहरी स्वास्थ्य केन्द्र

**पोखरापत्र संवाददाता**
म्याग्दी, ६ मंसिर

बेनी नगरपालिका-९ तोरीपानीमा सहरी स्वास्थ्य केन्द्र सञ्चालन भएको छ । नेप्टेचौरमा रहेको वडा स्तरीय स्वास्थ्य चौकीबाट सेवा लिन अपायक पर्ने ढोलथान, धुपीबोट, ढावा, तोरीपानी र आलवाङका बासिन्दालाई लक्षित गरेर बेनी नगरपालिकाले स्वास्थ्य सञ्चालन गरेको हो।

बेनी नगरपालिका-९ का वडा अध्यक्ष चक्र केसीले केन्द्रबाट पाँच वटा बस्तिका करिब पाँच सय घरका एक हजार सात सय जनसङ्ख्या लाभान्वित भएका बताउनुभयो। "केन्द्रमा एक/एक जना स्वास्थ्यकर्मी र सहयोगीको ब्यवस्थापन गरेर आधारभूत तहको स्वास्थ्य सेवा पाउने ब्यवस्था मिलाएका छौ," उहाँले भन्नुभयो "पायक पर्ने ठाउँमा स्वास्थ्य इकाई भएपछि त्यहाँका बासिन्दालाई सहज भएको छ ।" तोरीपानीको पशु सेवा केन्द्रसँगैको भवनमा सञ्चालन गरिएको केन्द्रबाट खोप, स्वास्थ्य परिक्षण, परामर्श, निशूल्क औषधी वितरणलगायत स्वास्थ्य चौकी सरहको सेवा प्रवाह हुने गरेको छ । घर नजिकै पायक पर्ने ठाउँमा स्वास्थ्य सेवा पाउँदा सहज भएको स्थानीयबासी गंगाबहादुर बानियाले बताउनुभयो। "यसअघि नेप्टेचौर पुग्न र घर फर्कन डेढ घण्टा भन्दा बढी समय पैदलयात्रा गर्नुपर्दथ्यो," उहाँले भन्नुभयो "जेष्ठ नागरिक, अशक्त, महिला, बालबालिकालाई धेरै सजिलो भएको छ।"

बेनी नगरपालिका-९ का जनप्रतिनिधीहरुले वि.स. २०७९ को स्थानीय तह चुनाव निर्वाचित भएपछि पदभार सम्हाल्ने क्रममा तोरीपानीमा सहरी स्वास्थ्य केन्द्र सञ्चालन गर्ने निर्णय गरेका थिए । चुनावको क्रममा मतदातासँग गरेको प्रतिवद्धता र वडा समितिको पहिलो निर्णय तेस्रो वर्षमा कार्यान्वयन गर्न सफल भएको वडा सदस्य गणेश सुवेदीले बताउनुभयो। उक्त वडाको गलेश्वरमा यसअघिनै सहरी स्वास्थ्य केन्द्र सञ्चालन भएको थियो।

# पैँतिस खानेपानी आयोजनामा क्षति

**पोखरापत्र संवाददाता**
तनहुँ, ६ मंसिर

तनहुँको भिमाद नगरपालिका क्षेत्रमा यस वर्षको बाढी र पहिरोले ३५ बढी खानेपानीमा क्षति पुऱ्याएको छ। गत असार, साउन र असोजमा आएको बाढी र पहिरोले साना ठूला गरी उक्त खानेपानी योजनामा क्षति बनाएको हो।

नगरपालिकाले खानेपानी क्षेत्रमा विनियोजन गरेको करिब रु ५० लाख बजेटले नधानेपछि विकास निर्माणको बजेट खर्च गर्नुपरेको भिमादका नगरप्रमुख दधिराज सुवेदीले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "कार्यपालिका बैठकबाट निर्णय गरी विकास बजेटबाट खानेपानी योजना मर्मतसम्भारका लागि खर्च गरिएको छ ।" "विकास निर्माणको करिब रु २५ लाख खर्च गरिएको छ", उहाँले भन्नुभयो, "खानेपानी संवेदनशील भएकाले खानेपानी योजना मर्मतसम्भार कार्यलाई प्राथामिकता दिइएको छ ।" उपभोक्तामार्फत नगरपालिकामा निवेदन आएपछि प्राविधिकले लागत अनुमान गरी अनुगमनपश्चात् मर्मतसम्भार कार्य गर्ने गरिएको नगरप्रमुख सुवेदीले बताउनुभयो । "नगरपालिकामा अहिले पनि चार/पाँचवटा खानेपानी योजनाका निवेदन परेको छ", उहाँले भन्नुभयो, "प्राविधिक खटाएर लागत अनुमानपश्चात् मर्मतसम्भारका कार्य अघि बढाउँछौ, अधिकांश योजनाको मर्मत कार्य भइसकेको छ।" जिल्लाका अन्य पालिकाको तुलनामा असार र साउनमा आएको बाढी र पहिरोले भिमाद नगरपालिका क्षेत्रमा धेरै क्षति बनाएको आकलन गरिएको नगरप्रमुख सुवेदीले बताउनुभयो। ठूला खानेपानी योजनामा रु आठ लाखदेखि१०लाखखर्चआइरहेको नगरपालिकाले जनाएको छ । "विकासनिर्माणकाभौतिकसंरचना आउँदो वर्ष गरौँला", नगरप्रमुख सुवेदीले भन्नुभयो, "नागरिकलाई खानेपानीबाट वञ्चित गर्नु हुँदैन भनेर नगरपालिका सक्रिय रूपमा लागिपरेको छ।"

# गोरखाको धार्चेमा आधारभूत अस्पताल भवन निर्माण

**पोखरापत्र संवाददाता**
पोखरा, ६ मंसिर

उत्तरी गोरखाको धार्चे गाउँपालिकामा पाँच शय्याको धार्चे आधारभूत अस्पताल भवन निर्माण सम्पन्न भएको छ।

देशभरका सबै पालिकाहरूमा आधारभूत अस्पताल निर्माण गर्ने सङ्घीय सरकारको योजनाअनुसार उक्त अस्पताल भवन निर्माण भएको हो। धार्चे गाउँपालिकाको वडा नम्बर ३, स्थित खोर्लाबेँसी गाउँपालिका र स्विटरल्याण्डको अर्थ सी एयर नामक संस्थाको आर्थिक सहयोग तथा छाया नेपालको समन्वयमा भवन निर्माण गरिएको गाउँपालिकाका अध्यक्ष लक्ष्मण गुरुङले बताउनुभयो।

उहाँले भन्नुभयो, "कूल रु दुई करोड २८ लाखको लागतमा अस्पतालको भवन निर्माण भएको हो। भवन निर्माणका लागि गाउँपालिकाको ४० प्रतिशत र अर्थ सी एयरको ६० प्रतिशत लागत साझेदारी छ।"

नवनिर्मित अस्पताल भवनको बुधबार एक कार्यक्रम आयोजना गरी पालिकालाई हस्तान्तरण भएको छ। अस्पताल सञ्चालनमा आएपछि धार्चे र चुमनुब्री गाउँपालिकाका सर्वसाधारणलाई आधारभूत स्वास्थ्योपचार सेवा उपलब्ध हुने गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत काजीमान सुनारले बताउनुभयो।

# महिलालाई आत्मनिर्भर बनाउन अचार बनाउने तालिम

**पोखरापत्र संवाददाता**
बागलुङ, ६ मंसिर



बागलुङका काठेखोला गाउँपालिकाका महिलालाई आत्मनिर्भर बनाउन अचार बनाउने तालिम प्रदान गरिएकोछ।स्थानीयस्तरमाउत्पादन हुने तरकारी तथा फलफूलबाट महिलालाई अचार बनाउने तालिम दिइएको हो।

काठेखोला गाउँपालिका र नेपाल गाजा डेभलपमेण्ट फाउण्डेशनको सहकार्यमा चार वटा वडाका करिब दुई सय महिलालाई तालिम दिएपछि अहिले उहाँहरु व्यावसायिक रुपमा अचार बनाउन सुरु गरिसक्नुभएको छ।

काठेखोला गाउँपालिका-३ धम्जा, वडा नम्बर ५ बिहुँ, वडा नम्बर ७ रेश र वडा नम्बर ८ लेखानीका महिलालाई तालिम दिइएको गाउँपालिका अध्यक्ष राजु थापाले बताउनुभयो। स्थानीयस्तरमा उत्पादन भएका अकबरे खुर्सानी, मुला, गाजर, लसुन, अदुवा, कागती, करेलालगायत तरकारी जन्यवस्तुबाट अचार बनाउन सिकाएको उहाँको भनाइ छ। अध्यक्ष थापाले भन्नुभयो, "धेरै नागरिक बसाइँसराइ गरी बजार झरेपछि अहिले गाउँमा सामान्य वर्गहरुको मात्रै बसाइँ छ, उनीहरुलाई आयआर्जनसँग जोड्नका लागि विभिन्न तालिम दिइ उद्यमी बनाउन थालेका छौँ, अचार बनाउने तालिम बढी प्रभावकारी देखिएपछि चारवटै वडाका महिलालाई दिएका छौँ, तालिमले महिलालाई उद्यमी बनाउने छ।" काठेखोला गाउँपालिका-३ की रेजिना हमालले पहिले गाउँघरमा उत्पादन हुने तरकारी खेर जाने गरेको भए पनि अहिले गाउँपालिकाले तालिम दिएपछि अचार बनाएर बिक्री गर्न थालेको बताउनुभयो।

पालिकाले दिएको अन्य तालिमभन्दा अचार बनाउने तालिम निकै प्रभावकारी बनेको उहाँको भनाइ छ। "हाम्रो बारीमा करेला लटरम्म फल्छ, फलेको सबै खान नसक्दा धेरै खेर जान्थ्यो, अहिले तालिम लिएपछि, खुसार्नी, मुला, स्कुस केही पनि खेर फाल्न हुँदो रैनछ भन्ने लागेको छ, तालिम पाएपछि अहिले बिहान बेलुका घरको काम गरेर फुर्सदको समय अचार बनाउने गरेका छौँ", हमालले भन्नुभयो, "१०/१२ दिनमै मीठो अचार बन्दो रैछ, अब बनाएर बजार पठाउने योजना बनाएका छौँ।"

काठेखोला-८ की जमुना श्रीसले अचारबाट राम्रो आम्दानी गर्नसकिनेबताउनुभयो।आफूहरुले सीप नसिक्दा अहिलेसम्म धेरै तरकारी खेर गएको सुनाउँदै उहाँले तालिम लिएपछि व्यावसायिक रुपमा अचार उत्पादन गर्न थालेको बताउनुभयो। अचार बनाउनका लागि धेरै समय र खर्च नलाग्ने तर आम्दानी भने मनग्य गर्न सकिने उहाँ बताउनुहुन्छ।

# 'एक पालिका, एक खेल मैदान' योजनामै सीमित

**पोखरापत्र संवाददाता**
बागलुङ, ६ मंसिर



बागलुङमा विभिन्न खेलका पूर्वाधार निर्माणले गति लिन सकेको छैन। खेल पूर्वाधारको योजना बनाएको एक दशक बित्दा समेत लगानी गर्न सकिएको छैन। स्थानीय तहले 'एक पालिका, एक खेल मैदान'को अवधारणा ल्याए पनि कार्यान्वयन भएको छैन। खेलाडी पूर्वाधारबिना खेल खेल्न बाध्य छन्।

बागलुङ नगरपालिका-१ स्थित बाङ्गेचौर खेल मैदानको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) बनेको एक दशक बित्न लागेको छ। तर यहाँ तारबार मात्र हालेको छ। नगरपालिका र सङ्घीय संरकारले बिनियोजन गरेको रु आठ करोड बजेट फिर्ता गएको छ। यस्तै बागलुङ नगरपालिका-९ स्थित तित्याङको आलेखर्क खेल मैदान पनि डिपिआरमै सिमिति भएको छ। बागलुङका अन्य स्थानीय तहले अघि सारेका खेल पूर्वाधार पनि बन्न सकेका छैनन्। तमान रङ्गशाला र काठेखोला गाउँपालिकाको रेशको खेल मैदान निर्माणले पनि गति लिन सकेको छैन। रङ्गशालाको डिपिआर स्थानीय तहको सहयोगमा तयार भए पनि खेल मैदान बन्न नसकेको बागलुङ-९ तित्याङका वडाध्यक्ष राजु थापाले बताउनुभयो। बागलुङमा वर्षौंदेखि बजेट अभावमा खेल मैदान बन्न नसकेका खेलकुद विकास समितिका अध्यक्ष कुमार खड्काले जानकारी दिनुभयो। बाङ्गेचौर खेल मैदानमा रहेका सल्लाका बोट हटाउन नसक्दा बजेट फ्रिज भएको छ। "खेल क्षेत्रमा राज्यले लगानी बढाउन सकेको छैन, खेलकूद गतिविधि ठप्प जस्तै छन्", उहाँले भन्नुभयो, "बाङ्गेचौर खेलमैदान बनाउन रु ३० करोड लाग्ने गरी डिपिआर बनाइएको थियो, अहिले लागत बढेर रु ५० करोड पुगेको छ।" बागलुङ-९ तित्याङमा बजेट अभावले मैदान बनाउन नसकेको वडाध्यक्ष राजु थापाले बताउनुभयो। बागलुङ बजारबाट नजिकै रहेको तित्याङस्थित आलेखर्क खेल मैदानलाई विस्तार गरी बाङ्गेचौर खेल मैदानको विकल्पका रुपमा अगाडी बढाइएको हो। झण्डै २० रोपनी जग्गामा फैलिएको आलेखर्क खेल मैदानलाई बहुउदेश्यीय रङ्गशाला निर्माण गर्न सकिने भएपनि बजेट अभावले रोकिएको छ। यसमा झण्डै रु ६ करोड खर्च लाग्ने देखिन्छ।

तमानखोला गाउँपालिकाले तमानगाउँमा निर्माण गर्ने रङ्गाशाला समेत अधुरै छ। गाउँपालिकाले चालु आर्थिक वर्षमा रु १० लाख बजेट बिनियोजन गरेको छ। त्यो पर्याप्त नहुँदा सङ्घीय र प्रदेश सरकारको मुख ताक्नुपरेको तमानखोला गाउँपालिकाकाअध्यक्षजोकलाल बुढाले बताउनुभयो। "पालिकाको बजेटले रङ्गशाला बनाउन असम्भव छ", उहाँले भन्नुभयो- "यसका लागि कम्तिमा रु १० करोड बजेट चाहिन्छ।"

# अन्तरदेशीय उडानको प्रतीक्षामा पोखरा विमानस्थल

**-राम थापा**
पोखरा, ६ मंसिर/रासस



उद्घाटन भएको दुई वर्षमा केही 'चार्टर' उडान भएपनि पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट नियमित अन्तरदेशीय उडान हुनसकेको छैन। सन् २०२३ को जनवरी १ मा तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले उद्घाटन गर्नुभएको यस विमानस्थल अन्तर्राष्ट्रिय उडानको प्रतीक्षामा छ। झण्डै २२ अर्ब रुपैयाँ ऋणमा बनेको यस विमानस्थलबाट अन्तर्राष्ट्रिय उडान हुन नसक्दा राज्यले अपेक्षित लाभ लिन सकेको छैन।

पोखरामा अन्तर्राष्ट्रिय विमानस्थल बनाउने ५० वर्षअघिको योजनाले सार्थकता पाएपनि विमानस्थल पूर्ण रूपमा सञ्चालनमा आउन नसक्दा स्थानीयवासीमा गुनासो बढ्दो छ। पर्यटकीय राजधानीसमेत रहेको पोखरा अन्तर्राष्ट्रिय हवाई सञ्जालमा जोडिएर ठूलो संख्यामा विदेशी पर्यटक भित्रने आशमा रहेका पर्यटन व्यवसायी पनि विमानस्थलबाट अन्तर्राष्ट्रिय उडान नहुँदा निराश बनेका छन्। यस विमानस्थल बनेपछि पोखराको पर्यटनमा झण्डै एक खर्ब रुपैयाँ लगानी थपिएको बताइन्छ। नियमित अन्तर्राष्ट्रिय उडानका लागि पहल गर्न प्रदेश सरकार, पोखरा महानगरपालिका, पर्यटन व्यवसायीलगायतले पटक-पटक सङ्घ सरकारसमक्ष आग्रह गरेपनि हालसम्म कुनै परिणाम निस्कन सकेको छैन। मङ्गलबार मात्र प्रधानमन्त्री केपी शर्मा ओलीसँग भेट गरी गण्डकी प्रदेशका उद्योग तथा पर्यटनमन्त्री मित्रलाल बस्यालसहितको टोलीले सोही आग्रह गरेको थियो। उक्त अवसरमा प्रधानमन्त्री ओलीले पोखराबाट नियमित अन्तर्राष्ट्रिय उडान सञ्चालन गर्न आवश्यक रहेको र सोका लागि पहल गर्ने बताउनुभएको मन्त्री बस्यालले जानकारी दिनुभयो।

"प्रदेश सरकारका तर्फबाट प्रधानमन्त्रीज्यू र नागरिक उड्डयन प्राधिकरणका पदाधिकारीसमक्ष अन्तर्राष्ट्रिय उडान सञ्चालनका सम्बन्धमा ज्ञापनपत्र बुझाएका छौँ", उहाँले भन्नुभयो, "दुवै पक्षबाट पोखरा विमानस्थललाई पूर्ण रूपमा सञ्चालन गर्न आवश्यक पहल र तयारी गर्ने प्रतिबद्धता आएको छ, छिट्टै पोखराबाट नियमित अन्तर्राष्ट्रिय उडान हुनेमा हामी आशावादी छौँ।" मन्त्री बस्यालले सङ्घ सरकारले कुटनीतिक पहलमार्फत विभिन्न देशमा अन्तर्राष्ट्रिय उडान हुने वातावरण निर्माण गर्नुपर्ने बताउनुभयो। "विमानस्थल उद्घाटन भएको पनि दुई वर्ष बित्न लाग्यो, नियमित अन्तर ष्ट्रिय उडान सुरु नहुँदा विभिन्न प्रश्नहरू उब्जेका छन्, नागरिकमा पनि गुनासो बढ्दो छ", उहाँले भन्नुभयो, "ऋणमा बनेको विमानस्थल भएकाले पूर्ण रूपमा सञ्चालनमा नआउँदा राज्यले उल्टो घाटा व्यहोरीरहनुपरेको छ, केही प्राविधिक समस्याहरू छन् भनेपनि तिनलाई तत्काल समाधान गरेर अन्तर्राष्ट्रिय उडानको वातावरण बनाउनुपर्छ।"

नेपाल उद्योग वाणिज्य महासङ्घका पूर्वकेन्द्रीय अध्यक्ष आनन्दराज मुल्मीले विमानस्थल बनाउने ५० वर्षदेखिको पोखरेलीको सपना पूरा भएपनि अन्तर्राष्ट्रिय उडान हुन नसक्नु दुःखद् भएको बताउनुभयो। सरकारले शीघ्र कुटनीतिक पहल सुरु गरेर अन्तरदेशीय उडान सुरु गर्नुपर्ने उहाँको भनाइ छ। अन्तर ष्ट्रिय उडान नहुँदा विमानस्थलबारे अनेक टिकाटिप्पणी हुन थालेको भन्दै उहाँले विमानस्थल पूर्ण सञ्चालनमा ढिलाइ गर्न नहुने बताउनुभयो। पोखराबाट अन्तर्राष्ट्रिय उडान नभएसम्म पर्यटकीय राजधानीका रूपमा पोखराले यथोचित लाभ लिन नसक्ने उहाँको भनाइ छ। पोखराबाट नियमित अन्तर्राष्ट्रिय उडान राष्ट्रिय ध्वजावहाक नेपाल एयरलाइन्सबाट सुरु गर्नुपर्ने उहाँले बताउनुभयो। सरकारको नीति अनुसार उचित सहुलियत (प्याकेज) घोषणा गरी पोखराबाट नियमित अन्तर्राष्ट्रिय उडान सुरु गर्नुपर्ने पर्यटन व्यवसायीको माग छ। पर्यटन व्यवसायी एवं पोखरा पर्यटन परिषद्का पूर्वअध्यक्ष पोमनारायण श्रेष्ठले अन्तर्राष्ट्रिय उडान नहुँदा विमानस्थललाई हेरेर लगानी गरेका पर्यटन व्यवसायीसमेत मारमा परेको बताउनुभयो। "पोखराको पर्यटन क्षेत्रमा करिब छ खर्बको लगानी रहेको अनुमान छ, अहिले पनि तारे होटल धमाधम बनिरहेका छन्, विमानस्थललाई हेरेर लगानी गरेका होटल व्यवसायी अहिले समस्यामा छन्", उहाँले भन्नुभयो, "सरकारले जतिसक्दो चाँडो पोखराबाट नियमित अन्तर्राष्ट्रिय उडान सञ्चालन गरोस् भन्ने हाम्रो माग छ।" पोखरा र सिङ्गो गण्डकी प्रदेशको समृद्धिको आधार मानिएको पोखरा अन्तर्राष्ट्रिय विमानस्थललाई पूर्ण रूपमा सञ्चालनमा ल्याउन सके पर्यटकीय राजधानी पोखराले पर्यटनमा ठूलो फड्को मार्ने उहाँले बताउनुभयो। विमानस्थल बनेको लामो समयसम्म अन्तर्राष्ट्रिय उडानका लागि सरकारले पहल गर्न नसकेकामा उहाँले दुःख पोख्नुभयो। "विमानस्थल बन्दा उत्साहित बनेका पोखरेलीहरू अहिले निराश छन्", उहाँले भन्नुभयो।

छिमेकी देश चीन र भारतसम्म नियमित उडान सेवा सुरु गर्न सकेपनि पोखरामा बर्सेनि ठूलो संख्यामा पर्यटक भित्राउन सकिने पर्यटन व्यवसायीको भनाइ छ। व्यवसायीहरूले पोखराबाट अन्तर्राष्ट्रिय उडान गर्न आवश्यक नीति, नियममा सहजीकरण गर्नुपर्ने, भारत र चीनका मुख्य सहरमा उडान गर्न राष्ट्रियस्तरका हवाई कम्पनीहरूलाई अनुमति दिनुपर्नेलगायतका माग राख्दै आएका छन्। हवाई मार्गबाट देशका ठूला सहरसँग जोडिएको पोखराबाट अन्तर्राष्ट्रिय गन्तव्यमा भने नियमित उडान हुन सकेको छैन। वायुसेवा प्रदायक कम्पनीले पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट सङ्घीय राजधानी काठमाडौँ, भरतपुर, भैरहवालगायतका गन्तव्यमा आन्तरिक उडान गर्दै आएका छन्।

# बाँगेको मैदान माबिका विद्यार्थीलाई सिकाई सम्बन्धि उत्प्रेरणा तालिम

**पोखरापत्र संवाददाता**
पोखरा, ६ मंसिर




स्याङजाको फेदिखोला गाउँपालिका वडा नं ५ बाँगेमा रहेको मैदान माध्यमिक विद्यालयका विद्यार्थी, शिक्षक र अभिभावकलाई सिकाई सम्बन्धि उप्रेरणा तालिम मंगलबार सम्पन्न भयो।

विद्यालय ब्यबस्थापन समितिका अध्यक्ष चेतनदास शर्माले विद्यार्थीहरुले हरेक दिन पाठ्यक्रमका सामाग्रीको साथै बाहिरी ज्ञान पनि लिदै रहनुपर्ने बताउँदै अभिभावक र शिक्षकले बालबालिकालाई सधैं सकारात्मक सोचका बारेमा प्रेरणा दिइ रहनुपर्ने बताए। कसरी पढ्ने कसरी सिक्ने किताबका लेखक कृष्ण क्षेत्री उदयले आफ्नो किताबमा आफुले शिक्षक, घर परिवारका सदस्य, साथीभाइबाट सिकेका र जिवनमा भोगेका अनुभव, अनुभुतिहरु समेटिएको बताए। साथै उनले विद्यार्थी तथा अभिभावक समय अनुसार प्रबिधि मैत्री हुनुपर्ने तर सोसल मिडियामा दैनिक कति समय दिनुपर्ने ? तथा के को लागि दिनुपर्छ ? भन्ने बिषयमा प्रशिक्षण दिएका थिए। स्वतन्त्र पत्रकार संघ नेपालका केन्द्रिय पार्षद सागर कार्कीले बोल्ने कलाका फाइदा र बोल्न नजान्दाका बेफाइदाहरुको बारे प्रशिक्षण दिदै जुनसुकै पेशा ब्यबसायमा पनि बोल्ने कलाको महत्त्व रहेको बताउँदै विद्यार्थी कालमै बोल्ने कला सिक्नुपर्ने बताए। संघर्षमा कलमका अध्यक्ष तथा पत्रकार कृष्ण रानाभाटले विद्यार्थीकालमा समयको सदुपयोग गर्न जानेमा जिवन भर सुख पाइने बताउदै आफुलाई आबश्यक तालिमहरु समयमै लिनुपर्ने बताए।

वेभपेज नेपालका सिइओ पितम सेन ठकुरीले योग र ध्यानको महत्त्व बुझाउँदै साना बाबुनानीहरुलाई योग सम्बन्धि प्रशिक्षण दिएका थिए।

कार्यक्रममा कक्षा १ देखि ६ सम्म एक समुह, कक्षा ७ देखि १२ सम्म अर्को समुह गरी दुई समुहमा बिभाजन गरी विद्यार्थीहरुलाई थोग, ध्यान, वोल्ने कला प्रशिक्षण र सिकाई सम्बन्धि उत्प्रेरणा तालिम दिइएको थियो।

सो अबसरमा विद्यार्थीहरुका साथै शिक्षक, अभिभावक, विद्यालय ब्यबस्थापन समिति तथा शिक्षक अभिभावक संघका पदाधिकारी एवं सदस्यहरुको उल्लेख उपस्तिथि रहेको थियो।

विद्यालयका प्रधानाध्यापक थानेस्वर पौडेल, टेक नारायण गुरुङ र लेखापाल सुनिल क्षेत्रीले विद्यार्थी काल बाट नै बालबालिकाहरुलाई योग, ध्यान, विभिन्न तालिम दिन सकेमा विद्यार्थीको भबिष्य उज्ज्वल हुने धारणा राखेका थिए।

# पोखरा यूनाइटेड एकेडेमीमा स्पोर्ट्स मिट जारी

**पोखरापत्र संवाददाता**
पोखरा, ६ मंसिर

पोखरा १२ भद्रकालि मार्गमा रहेको पोखरा यूनाइटेड एकेडेमीमा बार्षिक स्पोटेर्स मिट २०८१ विहीबार पनि जारी रहेको छ।

उक्त स्पोटेर्स मिट अन्र्तगत को दोश्रो दिन बिहीबार विभिन्न चरण सहित फाइनल खेलहरु समेत भएको शिक्षक फणिन्द्रराज पौडेलले बताउनु भयो।

शुक्रबार बाँकी रहेका केही खेलको फाइनल खेलहरुसंगै प्रतियोगिता समापन हुने भएको उहाँले जनाउनु भयो। उहाँका अनुसार ९ सय बिद्यार्थीहरु रहेको बिद्यालयमा एक तिहाई करिब ३ सय जना बिद्यार्थीहरु विभिन्न खेलकुदमा आबद्ध हुनु भयो। हरेक बर्ष जसो बिद्यार्थीहरुको खेलकुदमा रुचि बढ्दै गएको विद्यालयका प्रिन्सिपल बयन बहादुर गोदारले बताउनु भयो।

बिद्यार्थीहरुको शिक्षासंगै अतिरिक्त कृयाकलापमा जोड दिन उक्त कार्यक्रम बार्षिक रुपमा आयोजना गर्दै आएको उहाँको भनाई थियो।

उक्त स्पोर्ट्स मिटमा राष्ट्रिय खेल भलिवल, फुटवल, बास्केटवल लगायतका विभिन्न प्रतियोगिता राखिएको बिद्यालय व्यवस्थापन समितिका अध्यक्ष शिवबहादुर भण्डारीले उल्लेख गर्नु भयो।